<u>बांके जिल्लाको राँझामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा</u>

# व्यवसायिक कुखुरापालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना २८ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ माघ २६ गतेदेखि २८ गतेसम्म बांके जिल्लाको राँझामा **"व्यवसायिक कुखुरापालन तालिम"** सम्पन्न गरेको संस्थाको राँझा शाखाकी प्रमुख श्री खेम कुमारी भण्डारीले जानकारी गराएकी थिइन् ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरिरहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको, यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यक्रम अधिकृत श्री जिताराम गौतमले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको राँझा शाखाकी प्रमुख श्री खेम कुमारी भण्डारीले प्रकाश पारेकी थिइन् ।

कुखुरापालन व्यवसाय एक परिचय, स्थानिय र उन्नत कुखुरामा भिन्नता, कुखुरापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा बोइलर एवम लेर्यस कुखुराको जातिय परिचय, बोइलर पालनको कारण एंव महत्व तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोतसाधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, चल्ला ल्याउन पूर्व गर्नुपर्ने तयारी, गुणस्तरीय चल्लाको पहिचान, बृडिगंको परिचय, बृडिगं हाउसमा चल्ला राख्दा चल्लाको छनौट, जाडो र

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

गर्मीमा चल्ला बृडिगं गर्ने तरिका, उपयुक्त तापक्रम र बृडिगं गर्दा ध्यान दिनुपर्ने कुराहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी कुखुराको पहिचान, रोग लाग्नाका कारण तथा कुखुरामा लाग्ने रोग रानीखेते गम्बारो, कखुराको हैजा, सि.आर.डी रोगको लक्षण, उपचार तथा रोकथामका उपाय बारे जानकारी, कुखुरामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय कुखुरापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने राँझा शाखाकी प्रमुख श्री खेम कुमारी भण्डारीले बताएकी थिइन् ।



यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

तालिमको अन्त्यमा तालिमको मुल्याकंनका लागि सहभागी श्री तारा वलीले मन्तब्य राखने क्रममा ब्यवसायिक रुपमा उन्नत कुखुरापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने बताइन् । त्यसैगरी मन्तब्य दिने क्रममा पार्बती सिँह ठकुरीले यस पछि पनि संस्थाले अरु सदस्यलाई पनि तालिम दिन पर्नेमा जोड दिएकी थिइन् । कुखुरापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय कार्यक्रम अधिकृत श्री जिताराम गौतमले जानकारी गराएका थिए ।

तालिमको समापनमा राँझा शाखाकी प्रमुख श्री खेम कुमारी भण्डारीले तालिममा सिकेका कुराहरुलाई ब्यावहारमा लागु गर्नु पर्ने बताउदै तालिमको अन्तिम दिन नभई गाउँ घरमा गई शुरुवात गर्नु पर्ने बताउदै तालिम समापन गरीएको थियो ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 